'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १११ मंगलबार ०२ पुष, २०८१ 17 (Tuesday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## मंसीर मसान्त सम्म बाँकेमा खाद्यले रु ९ करोड बढीको धान खरिद गऱ्यो

नमस्ते समचारदाता
बाँके, पुष/०१



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जले बाँकेका किसानहरूसँग मंसीर ३० गतेसम्म रु ९ करोड ७७ लाख २३ हजार २४९ रुपियाँको धान खरिद गरिसकेको छ । खाद्यले कात्तिक २० गतेदेखि मङ्सिर ३० गते सम्मको समय अवधिमा खाद्यले २७ हजार ४ सय ९२ दशमलव ४४ क्विन्टल धान खरिद गरेको छ । जसमध्ये मोटा धान ४ हजार २ सय १३.३४ क्विन्टल र मध्यम धान २३ हजार २ सय ७९.१० क्विन्टल खरिद गरेको कार्यालयका सूचना अधिकारी वरिष्ठ सहायक शिवराज घिमिरेले जानकारी दिएका छन् । सूचना अधिकारी घिमिरेका अनुसार मोटा धान रु १ करोड ४३ लाख ६९ हजार ६ सय ३८ रुपियाँ र मध्यम धान रु ८ करोड ३३ लाख ५३ हजार ६ सय ११ रुपियाँ गरी कुल रु ९ करोड ७७ लाख २३ हजार २ सय ४९ रुपियाँको धान नेपालगञ्ज कार्यालयले खरिद गरिएको हो । हालसम्म धान बिक्री गर्नका लागि ६ सय ७३ जना किसानले स्थानीय तहको सिफारिस दर्ता गराएको घिमिरेले बताए । सिफारिस दर्ता गराएका मध्ये ४ सय ८२ जना किसानसँग धान खरिद गरिएको छ। चार वटा सहकारी मार्फत पनि धान खरिद गरिएको घिमिरेले बताए। चार वटा सहकारी मार्फत मोटा धान २ सय २४.५८ क्विन्टल र मध्यम धान ८ सय ३९.२८ क्विन्टल गरी १ हजार ०६३.८६ क्विन्टल खरिद गरिएको हो। मोटा धानको ३ हजार ४ सय १० रुपियाँ ५१ पैसा र मध्यम धानको ३ हजार ५ सय ८० रुपियाँ ६२ पैसा सरकारले तोकिदिएको न्यूनतम समर्थन मूल्यमा किसानसँग धान खरिद गरिरहेको सूचना अधिकारी घिमिरेले बताए। गत वर्षभन्दा १५ दिन अगावैबाट धान खरिद गर्न लागेको नेपालगन्ज कार्यालयले यस वर्ष ४० हजार क्विन्टल खरिद गर्ने लक्ष्य लिएको थियो तर मध्यम धान बिक्री गर्ने किसानको चाप बढेपछि खाद्यले केन्द्रीय कार्यालयसँगको सहमतिमा थप १५ हजार क्विन्टल मध्यम धान खरिद गर्ने गरी ५५ हजार क्विन्टलको लक्ष्य लिएको छ। ३० हजार क्विन्टल मोटा धान र १० हजार क्विन्टल मध्यम गरी यस वर्ष ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगन्ज कार्यालयले पछि मध्यम धानलाई १५ हजार क्विन्टल थप गरी ५५ हजार क्विन्टल खरिद गर्ने लक्ष्य पुऱ्याएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जका मुख्य शाखा प्रमुख रामशरण लामिछानेले जानकारी गराए। लामिछानेले भने, 'यस वर्ष हामीले नेपालगन्ज कार्यालयबाट ३० हजार क्विन्टल मोटा र १० हजार क्विन्टल मध्यम गरी ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएका थियौं । यहाँका किसानहरूले मध्यम धानको खेती बढी गर्ने गरेको पाइयो । किसानहरूले धेरैजसो मध्यम धान बिक्री गर्न ल्याउनुभयो । मध्यम धान धेरै आएपछि केन्द्रीय कार्यालयसँगको समन्वयमा मध्यम धान थप १५ हजार क्विन्टल खरिद गर्ने गरी कुल ५५ हजार क्विन्टलको लक्ष्य राखेका छौं ।'

बाँकी ३ पेजमा...

## पान्तडीमा अझै बनेन पक्की पुल

नमस्ते समचारदाता
कालीकोट, पुष/०१



कालीकोट जिल्लाको महावै गाउँपालिका अन्तर्गत पान्तडीमा तिला नदीमाथि पुल बनाउने ठेक्का सम्झौता भएको चार वर्षसम्म पनि पुल निर्माणको काम सुरुवात समेत हुन सकेको छैन । आर्थिक वर्ष २०७७/७८ मा ठेक्का भएर २०७७ चैतमा ठेक्का सम्झौता भए पनि अहिलेसम्म काम सुरु हुन सकेको छैन । समयमा काम गर्न नसक्ने निर्माण कम्पनीले बहाना बनाउँदै अझै काम सुरु नगर्ने आशय देखाएको पाइएको छ । आफैं अत्तो थापेर पत्र लेख्दै आयोजना कार्यालयलाई छल्दै आएको निर्माण कम्पनीको बदमासी यस पटक भने उदाङ्गिएको छ। महादेव खिम्ती निर्माण सेवा प्रालिका अध्यक्ष तथा सञ्चालक रवि सिंहले मंसीर २७ गते सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पुल सेक्टर नम्बर ५ सुर्खेतलाई पत्र लेख्दै घरधनीले निर्माणमा अवरोध गरेको बताएको छ। यता घरधनी चित्रसिंह गाउँलेले मंसीर २८ गते नै पुल बनाउनका लागि आफ्नो तर्फबाट कुनै अवरोध नभएको भन्दै उक्त कार्यालयलाई निवेदन दिएका छन् । अझै पनि पुल निर्माणका लागि चासो नदिएको निर्माण कम्पनीले काम नगर्ने मनसायले आफैं बनावटी कुरा गरिरहेको गाउँलेको भनाइ छ। 'म आफैं समयमा पुल बनोस् भनेर आवाज उठाउने व्यक्तिले निर्माणमा अवरोध गर्ने कुरै भएन । यहाँ मेरो मात्र घर भएकाले र मेरो परिवारको कुनै अवरोध नभएकाले यसरी कार्यालयलाई निर्माण कम्पनीले भ्रममा नपार्न अनुरोधसमेत गर्दछु ।' घरधनीको निवेदनमा उल्लेख छ । निर्माण कम्पनीको पत्रलगत्तै महावै गाउँपालिकाले पनि पुल निर्माणमा कुनै अवरोध नभएको जानकारी पुल सेक्टर नम्बर ५ लाई पत्रमार्फत अवगत गराएको बताएको छ । गाउँपालिका अध्यक्ष खेमबहादुर सिंहले निर्माण कम्पनीले काम नै सुरु नगरेको र कसैले अवरोध समेत नगरेकाले घरधनीले अवरोध गरेको भनेर कार्यालयलाई पत्र लेख्नु निर्माण कम्पनीको बदमासी भएको जानकारी गराए । पत्रमा सिंहले गाउँपालिका उपाध्यक्षको नेतृत्वमा निर्माण गर्ने भनिएको स्थानमा रहेको टहरा भत्काउने सहमति भइसकेको कुरालाई बहाना बनाउनु राम्रो नभएको पत्रमार्फत जानकारी गराएका हुन । सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पुल सेक्टर नम्बर ५ सुर्खेतले निर्माण कम्पनीलाई पत्र लेख्दै पुल निर्माण कार्य हुने स्थानमा कुनै पनि घरटहरा नभएको र कर्णाली राजमार्गको बिर्तामोडमा मात्र घरटहरा रहेको हुँदा पुल निर्माणमा कुनै असर नपार्ने भएकाले यस्तो बहाना नबनाउन भनेको छ । कार्यालयले यथाशीघ्र पुल निर्माण गर्न निर्देशनसमेत दिएको छ । कार्यालयले पत्राचार गरेको भए पनि निर्माण कम्पनीले कुनै पनि जानकारी नपठाएको र हालसम्म पुल निर्माण स्थलमा निर्माण सामग्री तथा प्राविधिक नपठाएको आयोजनाको कार्यालयले लेखेको पत्रमा उल्लेख छ । आयोजना कार्यालयले दुई दिनभित्र संशोधित कार्ययोजना पेस गर्ने गरी निर्माण कार्य सुरु गर्न निर्देशन दिँदै अन्यथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउने चेतावनीसमेत दिएको छ । पक्की पुल निर्माण गरिसक्ने समय सकिएको पनि १४ महिना बितिसकेको छ। उक्त पुलको ठेक्का पुल महाशाखा, काठमाडौंले लगाएको हो ।

बाँकी ३ पेजमा...

## जैविक विविधता संरक्षण र आयआर्जन सँगसँगै गर्न सकिन्छ

नमस्ते समचारदाता
दाङ, पुष/०१



बम हानेर र बिष हालेर माछा मार्ने क्रम लगभग रोकिएको छ भने करेन्ट लगाएर अझै माछा मार्ने गरिन्छ । यसरी हानिकारक विधिबाट माछा मार्दा पानीमा रहेका माछा मात्रै नासिदैनन् त्यहाँ रहने जलीय जीवको जीवन पनि समाप्त हुन्छ । हानिकारक विधिबाट माछा मार्ने कार्यलाई रोक्न समुदायस्तरबाट निगरानी र पैरवी हुँदै आएको छ। मध्यराप्ती जलाधार क्षेत्रलाई लक्षित गरेर १२ वटा मछुवारा समुह गठन गरिएको छ । जुन समुहले हानिकारक विधिबाट माछा मार्ने कार्यलाई रोक्दै आएका छन् भने जलीय जैविक विविधता संरक्षणमा पैरवी गर्दै आएका हुन् । राप्ती गाउँपालिका निवासी पाटेश्वरीप्रसाद चौधरीले भने, 'म आफै कुनै समय बम लिएर माछा मार्न जान्थें । तर अहिले यसरी माछा मार्ने काम गलत रहेछ भन्ने बुझे र अरुलाई सचेतना दिने अभियानमा जोडिएको छु। पहिले पहिले मेरो खोलामा दिन बित्थ्यो । माछा मार्दैमा जवानी गयो। त्यो त्यति बेला सही लागेको थियो । तर बुझ्दै जाँदा त्यो बाटो सही रहेनछ । जुन हाम्रो परम्परागत विधि छन् ती विधि सही रहेछन्।' अहिले चौधरी बैखा माछा संरक्षण समूहका अध्यक्ष पनि छन्। माछा परम्परा र संस्कार सँग पनि जोडिएकाले यसको संरक्षणका लागि समुदायबाट चासो दिइएको छ । राप्ती गाउँपालिकाले जलीय जैविक विविधता संरक्षण ऐनमार्फत समुदायलाई दोलहीखोला संरक्षणका लागि हस्तान्तरण समेत गरेको छ । समुदायले साँध सिमाना छुट्याएर खोलाको निगरानी र अनुगमन गर्दै आएको छ। 'नचिनेका मान्छेलाई खोलामा पस्न दिदैनौं । करेन्ट लगाउन थालेको देखेपछि प्रहरीलाई खबर गरेका छौं'-संरक्षणकर्मी जगनारायण चौधरीले भने । 'समुदायले यसलाई आफ्नै कामको रुपमा लिएको छ ।' हानिकारक विधिबाट माछा मार्ने कार्य रोकिएपछि अहिले खोला तथा नदीमा माछाको संख्या बढेको छ। साना र अण्डा पार्न ठिक्क भएका माछालाई मारिदैन । त्यस्ता माछा जाल अथवा टापीमा परेको खण्डमा नदी तथा खोलामा छोड्ने गरिन्छ । 'हामीले साना माछा पनि छोप्दैनौं । अनि अण्डा दिने माउ माछा पनि मार्दैनौं । राप्ती नदीमा छोडिदिन्छौं । चैनीकुमारी चौधरीले भने,-'अहिले धेरै भएको माछा सुकाएर बिक्री गर्न थालेका छौं ।' समुदायले माछालाई आयआर्जनको माध्यम पनि बनाएको छ । सुकाएको माछा बिक्री गर्न थालिएको छ । मूल्यश्रृंखलाको आधारमा माछालाई आयआर्जनको माध्यम पनि बनाइएको छ ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७८४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०७५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## जनतालाई राज्य र सरकार प्रति विश्वासै लाग्दैन

आजभोली जनतामा असन्तुष्टि बढ्नु, निराशा छाउनु, आक्रोशित हुने अवस्था सिर्जना हुनुमा मुख्य भूमिका राजनीतिक पार्टी र राज्यको नै छ। जनताका आशा र अपेक्षारु सम्बोधन गर्ने र भविष्यप्रति आशावादी हुन सक्ने परिस्थिति निर्माण गर्ने दायित्व पनि राज्य र राजनीतिक पार्टीहरूकै हो । यसका लागि उनीहरू जनताप्रति जवाफदेही र उत्तरदायी हुनैपर्छ। तर जिम्मेवार राजनीतिक पार्टीले मात्रै देशको बहुआयामिक संकटको पहिचान, विश्लेषण र समाधानका विधि खोज्न सक्छन् भन्ने भ्रममा अब जनता पर्नु भनेको आफ्नै भविश्य अन्धकार तिर धकल्नु सरह हो। औपचारिकरूपमा नेपालमा लोकतान्त्रिक व्यवस्थाको अभ्यास भइरहेको छ। जनताले प्रतिनिधि निर्वाचित गर्ने र जनप्रतिनिधिबाटै शासनसत्ता सञ्चालन हुने अभ्यास चलिरहेको छ। तर संसद्को मुख्य काम सरकार बनाउने र भत्काउनेमै केन्द्रित छ । यतिसम्म कि संघीय सरकारमा आउने फेरबदलका कारण प्रदेश सरकार पनि अस्थिर छ। जसरी पनि सरकारमा पुग्ने र विभिन्न स्वार्थ समूहको हितका लागि काम गर्ने परिपाटी लामो समयदेखि देख्दै, भोग्दै आएको यथार्थ हो । अंकगणितको खेलबाट बन्ने सरकारसँग न त जनताका निराशा र आक्रोश बुझ्ने इच्छा छ, न त समग्र देशलाई अग्रगतिमा लैजाने कुनै मार्गचित्र वा योजना नै छ। राज्यसत्ताको बागडोर सम्हालेका गैरजिम्मेवार राजनीतिक नेतृत्व जनतालाई निराशा बनाउने मुख्य शक्ति हुन्। सैद्धान्तिक रूपमा लोकतन्त्रलाई आत्मसात् गर्ने राजनीतिक पार्टी भएको देशमा लोकतान्त्रिक राजनीतिक व्यवस्था सञ्चालन सम्भव हुन्छ। तिनै राजनीतिक दृष्टिकोणका आधारमा राज्यका अन्य संयन्त्र स्थापित र सञ्चालित हुन्छन्। तर अति दलीयकरणका कारण न्यायालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण, शैक्षिक संस्था, स्वास्थ्य क्षेत्र जस्ता राज्यका महत्वपूर्ण निकायहरु निश्चित पार्टी, व्यक्ति वा समूहको नियन्त्रमा पुग्ने खतरा रहन्छ । नेपालमा अहिले त परिस्थिति यस्तो बनिसक्यो कि कुनै पार्टीसँग आबद्ध नहुने वा पहुँच नहुने व्यक्तिले सार्वजनिक सेवासमेत पाउन मुस्किल छ । जनताले कि कुनै पार्टीको दलाली गर्नुपर्ने वा घूस तथा कमिसनमा काम गराउनु पर्ने अवस्था बनेको छ।


जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# उत्पादनशील क्षेत्रमा लगानी

**कृष्णमणि पराजुली**



विकसित मुलुकले पनि ऋण लिएर नै विकास गरेका हुन् । किनभने कुनै पनि देशका लागि वित्तीय स्रोतसाधनको अभाव नै भएको हुन्छ । जति साधन परिचालन गर्न सकियो उति विकास हुने गर्छ । त्यस कारण चीन, भारत, जापान जस्ता देशले पनि ऋण लिएका छन् ।

कृष्णमणि पराजुली

अहिले सार्वजनिक ऋणको विषयमा निकै बहस हुने गरेको छ। कसैले बाह्य ऋणको आवश्यकता छ भनेका छन् भने कसैले नेपाल जस्ता अल्पविकसित मुलुकका लागि ऋण गलपासो हुन सक्छ भनेका छन्। नेपालको ऋण बढी भएको हुनाले अझ यसमा थप गर्ने हो भने श्रीलङ्का जसरी ऋण पासोमा पर्यो त्यस्तै अवस्था नेपालमा पनि आउन सक्छ भन्ने बहस भइरहेको छ । नेपालको आफ्नै आर्थिक स्थितिको कारणले पनि ऋण लिनुपर्ने अवस्था देखिन्छ । किनभने अहिले वित्तीय स्रोतसाधनको अभाव भएको कुरा प्रत्येक वर्ष आउने बजेट अध्ययन गर्दा पनि थाहा पाउन सकिन्छ। आर्थिक वर्ष २०८१/८२ को कुल बजेट १८ खर्ब ६० अर्ब भएकोमा चालुगत खर्चमा ११ खर्ब ४० अर्ब र पुँजीगतमा तीन खर्ब ५२ अर्ब मात्र बजेट व्यवस्था भएको छ। यसले के देखाउँछ भने सरकारसँग वित्तीय स्रोतसाधनको कमी भएको कारणले गर्दा नै तीन खर्ब ५२ अर्बको मात्र पुँजीगत बजेट विनियोजन भएको छ। यति सानो बजेटले जनताका असीमित आवश्यकता परिपूर्ति गर्न सक्ने अवस्था नै हुँदैन। यस कारणले गर्दा विकास निर्माणका कार्यहरू अघि बढ्न नसकेको अवस्था हो। स्रोत पूर्ति गर्नेतर्फ पनि आन्तरिक स्रोत ज्यादै न्यून भएको देखिन्छ। आन्तरिक राजस्वबाट १२ खर्ब ६० अर्ब उठ्ने अनुमान छ। अहिलेको शिथिल अर्थतन्त्र भएको समयमा यति ठुलो राजस्व असुल हुन सक्ने अवस्था देखिँदैन। आन्तरिक राजस्वमा ठुलो योगदान दिने क्षेत्र भनेको निजी क्षेत्र हो । निजी क्षेत्र तहसनहस भएका बेला १२ खर्ब ६० अर्ब राजस्व उठ्न सक्ने कुनै आधार नै देखिँदैन । बजारमा माग नभएकाले उद्योग तथा कलकारखाना थला पर्दै गएका छन् । सञ्चालनमा रहेका उद्योगहरूको अवस्था पनि नाजुक देखिन्छ । उनीहरूलाई नाफाको त कुरै छोडौँ सञ्चालन खर्चको पनि अभाव हुन गएको छ। यस्तो स्थितिमा राजस्व असुलीमा निजी क्षेत्रको योगदान न्यून हुने स्पष्ट नै छ । विगत वर्षको अनुभव र वर्तमान अर्थतन्त्रको अवस्थाको आकलन गर्दा राजस्वले लक्ष्य प्राप्त गर्न सक्ने देखिँदैन । चालु आवको बजेटमा स्रोत पूर्ति गर्न राजस्व र वैदेशिक अनुदानले नभ्याउने भएकाले पाँच खर्ब ४७ अर्बको बजेट घाटा देखाइएको छ। बजेट घाटा पूर्ति गर्नका लागि आन्तरिक ऋणबाट तीन खर्ब ३० अर्ब र वैदेशिक ऋणबाट दुई खर्ब १७ अर्ब गरी पाँच खर्ब ४७ अर्बको व्यवस्था मिलाइएको छ। हाम्रो बजेट संरचना हेर्दा पनि ऋणतर्फ विनियोजित गरिएको रकमको ठुलो भूमिका रहेको देखिन्छ । यसरी अर्थतन्त्रमा ऋणको ठुलो भूमिका हुँदाहुँदै पनि उपयुक्त किसिमले व्यवस्थापन हुन नसकेकाले अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । नेपालको आन्तरिक अर्थतन्त्र कमजोर भएको हुनाले मूलतः बाह्य स्रोतमा भर परेको छ । ऋण उपलब्ध नहुने हो भने पुँजीगततर्फ विनियोजन गरिएको तीन खर्ब ५२ अर्बको बजेट खर्च गर्न पनि बजेटको अभाव हुन जान्छ । हाम्रो बजेटको अवस्था यति कमजोर हुँदै आएकाले ऋण नलिई जनताको असीमित आकाङ्क्षा थोरै मात्रामा पनि सम्बोधन गर्न नसकिने हुने छ । त्यस कारण ऋण लिनु अनिवार्य नै हुन आउँछ । राजनीतिक प्रतिबद्धता र प्रशासनिक क्षमताको अभावले गर्दा आन्तरिक राजस्वका स्रोतहरू खुम्चिँदै गएका छन् । राज्य संयन्त्र सञ्चालन र तीन तहको सरकारको प्रशासनिक खर्च जुटाउन पनि राजस्वले धौ धौ परेको आँकडाले देखाएको छ। यस अवस्थामा विकास निर्माण कार्यका लागि राजस्वको योगदान हुने कुरै भएन । एउटा ऋणको साँवा ब्याज भुक्तानी गर्न अर्को ऋण लिनुपर्ने स्थितिको अन्त्य गर्न पनि आन्तरिक तथा बाह्य ऋण स्वीकार्नै पर्छ। तीन तहका सरकार र कर्मचारीलाई तलब भत्ता खुवाएर मात्र विकास निर्माणका कार्यलाई अगाडि बढाउन सकिँदैन । हालै बिआरआई अन्तर्गत सञ्चालन हुने परियोजना ऋण अथवा अनुदान केबाट हुने भन्ने बारेमा ठुलै बहस भएको थियो । नेपाल जस्तो अल्पविकसित देशले अहिलेको अवस्थामा ऋण लिएर यति ठुला परियोजना सञ्चालन गर्नु राष्ट्रिय हित अनुकूल हुँदैन भन्ने सत्तामा रहेको नेपाली कांग्रेसको भनाइ थियो। त्यस कारण ऋण अन्तर्गत कुनै सम्झौता नभई हाल जति पनि परियोजना सम्झौता भए ती सबै अनुदान अन्तर्गत नै भएका देखिन्छन् तर अहिलेको अवस्थामा दातृ निकायले अनुदानमा कन्जुस्याइँ गरिरहेका छन् र ऋणलाई नै प्राथमिकतामा राख्दै आएका छन्। त्यस कारण नेपालले अनुदान भन्दै रटान रट्नु पनि त्यति उपयुक्त हुँदैन। अर्को कुरा अनुदानले जहिले पनि परनिर्भरता बढाउँछ । अहिले पनि नेपालका प्रधानमन्त्री विदेश भ्रमण गर्दा के के बनाई दिन्छन् र कति अनुदान ल्याउँछन् भन्नेमा सबैको ध्यान आकृष्ट हुँदै आएको छ। यस्तो प्रवृत्तिको विकासले अर्थतन्त्रमा सुधार आउन सक्दैन। अहिले नेपालले लिँदै आएको ऋणको समयावधि ४० वर्षसम्मको रहेको छ र ब्याजदर पनि ०.५ प्रतिशत देखि २.५ प्रतिशतसम्म छ। यो भनेको एकदमै न्यून ब्याजदर हो । ब्याजको दर हेर्ने हो भने सित्तैमा आउने अनुदान जस्तै भन्न सकिन्छ। अनुदानमा मात्र केन्द्रित हुँदा विकासमा प्रतिकूल प्रभाव पर्ने हुन्छ। कसैले अनुदान दियो भने चाहिँदैन भन्न सक्ने नेपालको अवस्था छैन। लिँदा राम्रो हुन्छ। किनभने अनुदानले पछिको पुस्ताका लागि दायित्व सिर्जना गर्दैन तर सधैँ अनुदान राम्रो नै हुन्छ भन्न पनि सकिँदैन । यसमा राखिएका सर्त र बढ्दै जाने अर्थतन्त्रको परनिर्भरता ऋणको ब्याजदर भन्दा कैयौँ गुणा जोखिम निम्त्याउन सक्ने पनि हुन सक्छन्। मिलेनियम च्यालेन्ज कर्पोरेसन अन्तर्गतको ५५ अर्बको अमेरिकी अनुदान सहयोग स्विकार्दा पनि त्यसमा उल्लेख भएका सर्तहरू नेपालको स्वाभिमानमा धक्का पुऱ्याउने किसिमको छ भनी धेरै बहस भएको थियो । ती जोखिमयुक्त सर्तहरूको निराकरण भएपछि मात्र एमसिसी परियोजना कार्यान्वयनमा आएको हो। त्यस कारण अनुदान भन्दैमा सहज रूपमा स्वीकार गर्न सकिँदैन। विकास गर्ने हो भने ऋण लिनै पर्छ। किनभने हामीसँग थोरै मात्र राजस्व उठ्ने गरेको छ। आव २०८०/८१ मा राजस्व १४ खर्ब २२ अर्ब अनुमान गरिएकोमा १० खर्ब ३० अर्ब मात्र अर्थात् लक्ष्यको ७२ प्रतिशत मात्र असुली भएको छ। यस्तो अवस्थामा विकास निर्माण कार्यमा राजस्वको योगदान हुन सकेको छैन। चालु आवको पाँच महिना व्यतीत भइसक्दा एक पैसा पनि अनुदान प्राप्त भएको छैन भने अनुदान पाइन्छ भनेर बजेटको आकार ठुलो बनाउँदा योजना मात्र थुप्रिने र विकास निर्माण कार्यले गति लिन नसक्ने हुन्छ नै। अहिले समष्टिगत आर्थिक संरचना त्यति राम्रो देखिँदैन । न्यून वित्तीय स्रोतसाधन भए पनि भएको साधनलाई अधिकतम परिचालन गरेर पूर्वनिर्धारित लक्ष्य प्राप्त गर्न सकिएको छैन । चालु खर्चभन्दा पुँजीगत खर्च बढी हुनुपर्ने हो । त्यसै गरी वित्तीय व्यवस्थापनको बजेटभन्दा पुँजीगत बजेट पनि बढी हुनै पर्ने हो । यो पनि हुन सकेको छैन । अर्कोतर्फ पुँजीगत खर्च ज्यादै निराशाजनक देखिन्छ । अहिलेसम्मको तथ्याङ्क हेर्ने हो भने ११ प्रतिशत मात्र पुँजीगत बजेट खर्च भएको छ । यसले के देखाउँछ भने हामीले आम्दानी पनि गर्न सकेका छैनौँ र पुँजीगत बजेट पनि खर्च गर्न सकेका छैनौँ तर चालुगत बजेट भने पूरै खर्च हुने गरेको छ। यस्तो अवस्थामा जसरी भए पनि पुँजीगत खर्च बढाउनै पर्छ। पुँजीगत बजेटका कार्यक्रमको लागि आन्तरिक स्रोतले नभ्याउने भएकाले अन्तर्राष्ट्रिय दातृ निकायबाट सहुलियती ऋण लिनु आवश्यक देखिन्छ। ऋण लिँदैमा देश आर्थिक सङ्कटमा पर्ने होइन । लिएको ऋण उत्पादनशील क्षेत्रमा लगानी भएको छ छैन त्यसतर्फ ध्यान दिनु पर्छ। एकातिर ऋण तिर्न नसकेर साँवा ब्याज बढ्दै जाने अर्कोतर्फ लगानी गरेको रकमबाट अपेक्षित प्रतिफल लिन नसक्ने हो भने यस्तो ऋणबाट राष्ट्रिय अर्थतन्त्रमा कुनै योगदान पुग्दैन । विकसित मुलुकले पनि ऋण लिएर नै विकास गरेका हुन्। किनभने कुनै पनि देशका लागि वित्तीय स्रोतसाधनको अभाव नै भएको हुन्छ। जति साधन परिचालन गर्न सकियो उति विकास हुने गर्छ। त्यस कारण चीन, भारत, जापान जस्ता देशले पनि ऋण लिएका छन् । चीनले कुल गार्हस्थ उत्पादनको ८४ प्रतिशत लिएको देखिन्छ भने भारतको ८३ प्रतिशत रहेको छ। जापान जस्तो विकसित देशले पनि कुल गार्हस्थ उत्पादनको २५० प्रतिशतसम्म ऋण लिएर विकास गरेको अवस्था छ। त्यस कारण ऋणबाट डराउने होइन कि विवेकपूर्ण किसिमबाट लगानी भने गर्नु पर्छ। अहिले नेपालको कुल ऋण २५ खर्ब १८ अर्ब पुगेको छ। यो भनेको कुल गार्हस्थ उत्पादनको ४४ प्रतिशत हो। अन्तर्राष्ट्रिय मान्यता अनुसार कुल गार्हस्थ उत्पादनको ५० प्रतिशतसम्म ऋण भएकोलाई ठिकै मानिन्छ । नेपालको कुल ऋण सीमाभित्रै भएकाले अझै ऋण लिन सक्ने ठाउँ रहेको छ। हालै फिच कम्पनीले गरेको नेपालको सार्वभौम क्रेडिट रेटिङले ऋणबाट डराउनुपर्ने अवस्था नरहेको भनी प्रतिवेदनमा उल्लेख गरेको आधारमा पनि ऋण लिएर विकासलाई तीव्रता दिनुपर्ने औचित्य बढेको अवस्था छ। ऋण नलिइकन विकासलाई अगाडि बढाउन सकिने अवस्था देखिँदैन । अहिले बजेटको अभावमा राष्ट्रिय गौरवका आयोजना र अन्य महत्वपूर्ण ठुला आयोजना त्यसै अलपत्र परिरहेका छन् । ती आयोजना समयजन्य र लागतजन्य हुँदै गएका छन्। *-गोरखापत्र*

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक



# उपल्लो डोल्पामा सीमा सुरक्षा राख्ने योजना अन्योलमै

नमस्ते समचारदाता

डोल्पा, पुष/०१



कर्णाली प्रदेशका दश जिल्लामध्ये हुम्ला र डोल्पामा चिनियाँ नाका पर्दछन् । हुम्लामा हिल्सा नाका पर्दछ भने डोल्पामा मोरिम्ला र क्याटो नाका पर्दछन् । हिल्सा नाका पूर्ण रूपमा सञ्चालनमा छ । हिल्सा नाका सञ्चालनमा आएसँगै हुम्लावासीलाई दैनिक उपभोग्य लगायत सामग्री किनमेल गर्न सहज भएको छ । हिल्सा क्षेत्रमा सीमा सुरक्षाका लागि हिल्साबाहेक डोल्पाको मोरिम्ला नाका पनि आशिंक रूपमा खुल्ने तर प्रचुर व्यापारिक सम्भावना बोकेको चिनियाँ नाका हो । पाँच वर्षअघिसम्म नियमित रूपमा प्रत्येक वर्ष खुल्ने मोरिम्ला नाका यस वर्ष पाँच वर्षपछि खुलेको हो । कोरोना कहरपछि चीनले पाँच वर्षसम्म नाका खुलाउन अनुमति नदिँदा नाका खुल्न सकेन । यस वर्ष गत साउन महिनामा १५ दिनका लागि नाका खुलाइएको थियो भने प्रवेशका लागि जिल्ला प्रशासन कार्यालय डोल्पाले एक हजार आठ सयभन्दा धेरै सीमा पास जारी गरेको थियो । अस्थायी रूपमा सञ्चालन हुँदै आएको मोरिम्ला नाका क्षेत्रमा सशस्त्र प्रहरीको सुरक्षा (बिओपी)राख्ने कुरा वर्षौंदेखि अन्योलमा पर्दै आएको छ । दुई देश बीचको व्यावहारिक समझदारीमा नाका सञ्चालन भए पनि न सीमा सुरक्षा पोष्ट छ न त भन्सार कार्यालय राखिएको छ । नेपालको संविधान अनुसार सीमा सुरक्षा गर्ने दायित्व सशस्त्र प्रहरीको हो । तर डोल्पाका पुराना यी दुई नाका भने सुरूदेखि नै सीमा सुरक्षा फौज राखिएको छैन । यी दुई नाका चीन नेपाल र भारतबीच हुने त्रिदेशीय व्यापारिक नाकाका रूपमा समेत रहेका छन् । रणनीतिक महत्व बोकेका यी तीन नाकामध्ये मोरिम्ला नाका पूर्ण रूपमा सञ्चालन आएमा चीनको सामान नेपाल हुँदै भारत र भारतको सामान नेपाल हुँदै चीन पुऱ्याउन सकिन्छ । यी तीन नाका जोड्ने प्रमुख सडक भेरी करिडोर हो । जुन सडकको जाजरकोट जिल्लाको तल्लुबगर सम्म स्तरोन्नति सुरू गरिएको छ भने त्योभन्दा माथि मोरिम्लासम्म ट्र्याक मात्र खुलाइएको छ । डोल्पामा पर्ने ल्यासीक्यापदेखि शिसौलसम्मको ४० किलोमिटर सडक त ट्र्याक नै खुलाइएको छैन । भौगोलिक रूपमा कठिन भूगोल भएकाले सेनालाई निर्माणको जिम्मा दिने बताइएको एक वर्ष बितिसक्दा समेत काम सुरू भएको छैन । मोरिम्ला नाका डोल्पोबुद्ध गाउँपालिकामा पर्दछ भने क्याटो नाका शे-फोक्सुण्डो गाउँपालिकामा पर्दछ । उपल्लो डोल्पामा बसोबास सुरू भएदेखि उपल्लो डोल्पावासी र तिब्बती व्यापारीबीच दैनिक उपभोग्य वस्तु लगायत वस्तुहरूको व्यापार हुँदै आएको उपल्लो डोल्पावासीको भनाइ छ । उपल्लो डोल्पाका डोल्पोबुद्ध, छार्काताङ्सोङ् र शे-फोक्सुण्डो गाउँपालिकाका बासिन्दालाई जिल्ला सदरमुकाम झरेर दैनिक उपभोग्य सामग्री किनमेल गर्न पाँच दिन लाग्ने भएकाले पनि दुई दिनमा क्याटो र मोरिम्ला नाका पुगेर किनमेल गर्न सजिलो हुन्छ । त्यतिमात्र नभई यी दुई नाका आधिकारिक रूपमा खुलाइएमा चिनियाँ सामान सिधै नेपाली बजारमा भित्र्याउन सकिने र नेपालमा उत्पादन हुने यार्सागुम्बा लगायत नेपाली जडीबुटी सिधै चिनियाँ बजारमा निर्यात गर्न सकिने डोल्पाली व्यापारीहरू बताउँछन् । त्यसो त उपल्लो डोल्पावासीले पहिलादेखि नै चिनियाँ नाकाबाटै दैनिक उपभोग्य लगायत सम्पूर्ण घरायसी सामानहरू खरिद गरेर आफ्ना आवश्यकता टार्दै आएका छन् । उपल्लो डोल्पावासीले खाद्यवस्तुमात्र होइन मोटरसाइकल लगायत मेसिनरी सामानसमेत चिनियाँ नाकाबाट खरिद गर्दै आएका छन् । नेपालमा सात लाखसम्म पर्ने मोटरसाइकल दुई-तीन लाखमै आउने भएपछि आवतजावतको सुविधाका लागि प्रायः स्थानीयले चिनियाँ नाकाबाट मोटरसाइकल खरिद गर्ने गरेको धेरै वर्ष भएको डोल्पोबुद्ध गाउँपालिकाका स्थानीयको भनाइ छ । उपल्लो डोल्पामा रहेका मोरिम्ला र क्याटो नाका सुरक्षाका लागि राज्यले नै बेवास्ता गरेको पाइएको छ । प्रत्येक वर्ष सीमाक्षेत्र अनुगमनका लागि भन्दै हेलिकप्टरमा उपल्लो डोल्पा पुग्ने सरकारी प्रतिनिधि, उच्च राजनीतिक नेतृत्वले पनि नाकालाई वैध बनाउनका लागि ठोस कदम चाल्ने बताउने गरे पनि काम भने भएको छैन । त्यतिमात्र नभई स्थानीय सरकारका प्रतिनिधि, जिल्लास्थित सुरक्षाका निकायका प्रमुखहरू, जिल्लाका सांसद मन्त्रीहरूको पनि भ्रमण हुने गरे पनि उपलब्धि भने शून्य देखिन्छ । मोरिम्ला र क्याटो नाकालाई स्थायी बनाउन पहिलो काम भनेको सशस्त्र प्रहरीको बिओपी स्थापना गर्नुपर्ने जिल्लाका सुरक्षा अधिकारीहरू नै बताउँछन् । यससँगै अस्थायी भए पनि भन्सार कार्यालय स्थापना गर्नुपर्ने उनीहरूको भनाइ छ । जग्गा प्राप्तिपछि सरकारले सीमाक्षेत्रमा अत्याधुनिक भवन बनाइदिएमा बाह्रै महिना बसेर सशस्त्र प्रहरीले सिमाना सुरक्षा गर्न सक्ने बताइन्छ । नेपाल-चीन सीमा सुरक्षाका लागि जिम्मा पाएको सशस्त्र प्रहरी नहुँदा नेपालको भौगोलिक अखण्डताको रक्षामा राज्यले नै चासो नदिएको प्रस्ट हुने डोल्पाका सरोकारवाला बताउँछन् । त्यतिमात्र नभई सीमाक्षेत्रको निगरानी, शान्ति सुरक्षा कायम गर्न र ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने कार्यसमेत हुन सकेको छैन । अहिले एकल रूपमा चिनियाँ प्रहरीले सीमाक्षेत्रहरू नियमित रूपमा अनुगमन गरिरहको देख्न सकिने उपल्लो डोल्पावासी बताउँछन् । सीमा सुरक्षा राज्यको प्रमुख दायित्व भएकाले राज्य र सरकारको चासो धेरै हुनुपर्ने डोल्पोबुद्धका स्थानीय पेम्माछेवाङ्ग गुरूङले बताउछन् । त्यसमा पनि डोल्पाबाट निर्वाचित मन्त्रीहरूले यो कुरा सरकार सम्म पुऱ्याएर कार्यान्वयन गर्न लगाउनुपर्ने उनको सुझाव छ । 'उपल्लो डोल्पाको तीन्जेमा सशस्त्र प्रहरीको बिओपी राख्ने कुरा वर्षौंदेखि उठे पनि अहिले अन्योलमा परेको छ । तीन्जेबाट मोरिम्ला नाका नजिक पनि पर्दछ । आफ्नो देशभित्रको साँध सिमाना सुरक्षा गर्ने दायित्व राज्यको हो । तर डोल्पाको हकमा राज्यको चासो देखिँदैन । जग्गा खोज्नका लागि आवश्यक पहल स्थानीय सरकारले गर्नुपर्छ । जुन कुरा भएको छैन् । बिओपी स्थापना गर्न राज्य पनि तातिएको छैन ।' सशस्त्र प्रहरीका अनुसार बिओपी स्थापनाका लागि पाँच रोपनीभन्दा माथि नै जग्गा चाहिन्छ । तर, डोल्पोबुद्ध गाउँपालिकाकै धो ताक्सीमा इलाका प्रहरी कार्यालय स्थापना गर्ने भन्दै साढे एक रोपनी जग्गा प्राप्त भएर शिलान्यास गरिएको भवन अलपत्र छ । सीमा सुरक्षाका लागि सशस्त्र प्रहरीको बिओपी राख्दा सीमाक्षेत्रबाट पनि टाढा पर्ने भएकाले बिओपी राख्न उपयुक्त नहुने जिल्लाका सुरक्षा अधिकारी बताउँछन् । मोरिम्ला नाकाबाट नजिक पर्ने तिन्जे, पोल्दे, फालमध्ये एक ठाउँमा बिओपी स्थापना गर्नुपर्ने उनीहरूको भनाइ छ । बिओपी स्थापनाका लागि पाँच रोपनीभन्दा माथि नै जग्गा आवश्यक पर्नेछ । आफ्नो देशको साँध सिमाना सुरक्षा गर्नु देशको प्रमुख दायित्व हो । विश्व परिवेश नियाल्दा आफ्नो सीमाक्षेत्र रक्षाका लागि कतिपय देशबीच युद्धसमेत हुने गर्दछ । भौगोलिक अखण्डताको सुरक्षा, भौगोलिक सीमा सुरक्षा सुनिश्चित गर्न, अनधिकृत आवगमन तस्करी, गैह्रकानुनी गतिविधिहरूको खतरासमेत बढेको छ । त्यतिमात्र नभई सीमावर्ती बस्तीहरूको सुरक्षा, आपत्कालीन रूपमा आइपर्ने प्राकृतिक प्रकोपका घटनाहरूमा राहत तथा उद्धारको पूर्वतयारी समेत हुन सकेको छैन । राज्यले जतिसक्दो चाँडो सशस्त्र प्रहरीको बिओपी स्थापना गर्नुपर्ने नागरिक समाज डोल्पाका अध्यक्ष शेर बहादुर बुढाले बताए । सीमाक्षेत्र परेको ठाउँमा सुरक्षा बल राख्नु राज्यको प्रमुख दायित्व भएको उनको भनाइ छ । त्यसका लागि डोल्पाबाट निवार्चितहरूको विशेष पहल हुनुपर्ने बुढाले बताउछन् । राज्यका कारण मोरिम्ला र क्याटो नाका वैधानिक हुन सकेका छैनन् तर प्रत्येक वर्ष प्रहरी भने खटाइन्छ । यसमा पनि क्याटो नाका कहिलेकाहीँ मात्र खुल्ने गर्दछ । वर्षमा एक पटकमात्र खुल्ने उक्त नाकाहरूमा अस्थायी भन्सार कार्यालयसमेत राखिएको छैन । जडीबुटीलगायत वन पैदावार बेच्न जाने सर्वसाधारणको चेक जाँचका लागि सीमाक्षेत्रमा डिभिजन वन कार्यालयको चेक पोष्टसमेत छैन । व्यापारीहरू निर्बाध रूपमा जडीबुटीको कारोबार गर्ने गर्दछन् । राज्यको दरिलो उपस्थिति नहुँदा प्रत्येक वर्ष नाका खुल्दा गैह्रकानुनी गतिविधि हुन सक्ने बताइन्छ । उपल्लो डोल्पाको कतिपय क्षेत्र शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने भएकाले कस्तुरी, हिँउचितुवा लगायत वन्यजन्तुहरू पाइन्छन् । त्यतिमात्र नभई बहुमूल्य जडीबुटी पुरातात्विक मूर्ति राखिएका ऐतिहासिक गुम्बाहरू समेत उपल्लो डोल्पामा छन् । तर नाका खुल्दा सामान्य चेकजाँच गरेरै सर्वसाधारणलाई पठाइने भएकाले अवैध गतिविधि हुन सक्ने आकलन समेत गरिएको हो । वर्षमा एकपटक चिनियाँ क्षेत्रमा लाग्ने व्यापारिक मेलामा सर्वसाधारणले करोडौंको वस्तु आयात तथा निर्यात गर्ने गरे पनि भन्सार शुल्क रू एकसम्म उठ्दैन । जसले गर्दा राज्यलाई उठ्नुपर्ने भन्सार कर त्यसै खेर जाँदै आएको हो ।

## मंसीर...

बाँकेका किसानहरू पछिल्लो समयमा मोटाभन्दा मध्यम धान उत्पादन तर्फ आकर्षित भएको घिमिरेले बताए । २५ हजार क्विन्टल खरिद गर्ने लक्ष्य रहेको मध्यम धान हालसम्म २३ हजारभन्दा बढी क्विन्टल खरिद गरिसकेको र त्यो धान २५ हजार क्विन्टल भन्दा बढी खरिद गर्न नसकिने लामिछानेले बताए । खाद्यले निर्धारण गरेको लक्ष्य पुरा भएपश्चात यदि कोही किसान मध्यम धान बिक्री गर्न इच्छुक भए भने उनीहरुले मोटा धानको मूल्यमा खरिद गर्न सकिने कम्पनीले जनाएको छ । गत वर्ष ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगन्ज कार्यालयले जम्मा ८ हजार क्विन्टल धान खरिद गरेको थियो । गत वर्ष सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यभन्दा बजारमा किसानहरूले बढी मूल्य पाए र बजारका गल्ला व्यापारी र मिलहरूमा लगेर बिक्री गरेका कारण खाद्य संस्थानमा थोरै मात्रामा धान आएकाले लक्ष्य पुरा हुन सकेको थिएन । गत वर्षभन्दा यस वर्ष सरकारले न्यूनतम समर्थन मूल्य पनि बढाएको र धान खरिद पनि १५ दिन अगाडिबाटै सुरु गरिएको हुँदा लक्ष्य पुरा गर्न सकिने अपेक्षा गरिएको कार्यालय प्रमुख लामिछानेले बताए । लामिछानेले अगाडि थपे, 'गत वर्ष मंसीर ६ गतेबाट धान खरिद सुरु गरेका थियौँ । यस वर्ष १५ दिन अगावै कात्तिक २० गतेदेखि नै सुरु गरेका छौँ । यस वर्ष बजारको मूल्य भन्दा सरकारले खरिद मूल्य बढी दिएको हुँदा पनि लक्ष्य पुरा गर्ने आशामा छौँ ।'

## पान्तडीमा...

२०७७ चैत १२ गते महादेव खिम्ती निर्माण सेवा काठमाडौँले रु ८ करोड ३९ लाख रुपियाँको लागतमा पुल निर्माण सम्झौता गरेको थियो । उक्त सम्झौतापत्रमा २०८० असार १२ गते पुल निर्माण गरिसक्ने उल्लेख छ । पुल सेक्टर सुर्खेतका इन्जिनियर शुभम वैश्यले गत वर्षको चैत २ गते गोरखापत्रलाई प्रतिक्रिया दिँदै पुल निर्माणका लागि निर्माण कम्पनी आफैँले डिजाइन गर्नुपर्ने उल्लेख छ । सम्झौता भएको तीन महिनामा डिजाइन प्रतिवेदन पुल महाशाखालाई दिनुपर्ने र प्रतिवेदन दिएको तीन महिनामा महाशाखाले स्वीकृत गरेर काम सुरु गर्ने भनिए पनि निर्माण कम्पनीले काममा ढिलासुस्ती गर्दै आएको हो ।

## जैविक...

यसैबीच समुदालाई माछा सुकाउन सहयोग पुग्ने सोलार डायर मेसिन हस्तान्तरण गरिएको मानव कल्याण तथा वातावरण संरक्षण केन्द्रका कार्यकारी निर्देशक प्रदीप मजगैयाँले बताए । 'भ्यालुचेन्ज अवधारणा अनुसार माछा संरक्षण समुहलाई आयआर्जनमा जोड्न खोजेको मजगैयाँको भनाइ छ । उनले भने, 'समुदायलाई संरक्षण र जीविकोपार्जन दुबै काममा जोड्न खोजेका हौं ।' समुदायको सक्रियतामा संरक्षणको अभियान अघि बढेपछि ४३ प्रजातिका माछा राप्तीमा भेटिएका छन् । जलजंगल परियोजना अन्तरगत मानव कल्याण तथा वातावरण संरक्षण केन्द्रले दाङ जिल्लामा सञ्चालन गरेका कार्यक्रमको अनुगमन गरिएको छ । जिल्ला समन्वय समिति दाङका प्रमुख नित्यानन्द शर्माको नेतृत्वमा रहेको टोलीले राप्ती गाउँपालिकामा सञ्चालन गरेको जलीय जैविक विविधता संरक्षणसँग जोडिएका विविध कार्यक्रमको अनुगमन गरेको हो । मछुवारा समूहमार्फत राप्ती नदी र दोलही खोलामा माछा संरक्षणमार्फत जलीयजैविक विविधता जोगाउने काम गरिएको छ । चारवटा समूहले राप्ती र दोलही खोलामा बम, बिष, करेन्ट लगाएर माछा मार्ने कार्य रोकेका छन् भने नदी तथा खोलामा माछाको बासस्थान संरक्षणको लागि पैरवी गर्दै आएका छन् । मछुवारा समुहमा आवद्ध व्यक्तिहरुले परम्परागत विधिबाट माछा मार्दै आएका छन् । जुन कार्यलाई जीविकोपार्जनसँग जोडिएको छ । हानिकारक विधिबाट माछा मार्ने कार्य रोकिएपछि नदी र खोलामा माछाको संख्या एवं प्रजातिमा बृद्धि भएको नागरिक वैज्ञानिक पटवारीप्रसाद चौधरीले बताउँछन् । माछालाई जीविकोपार्जनसँग जोड्न माछा सुकाउने सोलार डायर समेत हस्तान्तरण गरिएको छ । वडा नं. ६ बगरापुरमा रहेको राप्ती थारु होमस्टे सञ्चालन तथा व्यवस्थापनको लागि सहयोग गरिएको छ । जुन सहयोगको अनुगमन टोलीले निरीक्षण गरेको छ । जैविक विविधताको संरक्षण र आयआर्जनलाई होमस्टेले सघाउने भएकाले यस प्रकारको कामलाई प्रोत्साहन गरिने जिल्ला समन्वय समितिका प्रमुख शर्माले बताए ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

## विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जाडोमा तातोपानी कुण्डमा नुहाउनेहरुको भीड

नमस्ते समाचारदाता
मुगु, पुष/०१



चिसो अत्याधिक बढेसँगै मुगु जिल्लाका विभिन्न तातोपानी कुण्डमा नुहाउन चाहने मानिसहरूको भीड दिनदिनै बढिरहेको छ । चिसोका कारण धारामा पानी जम्ने, खोलामा बरफ जमेर नुहाउन र कपडा धुन कठिनाइ भएकाले महिला, पुरुष, युवायुवतीदेखि बुढापाकासम्म तातोपानी कुण्डतर्फ आकर्षित भएका छन् । जिल्लाको छायाँनाथ रारा नगरपालिकाको रुगा भैसेकुना र सोरु गाउँपालिकाको जिमा कुलाहा, हुम्लाको सर्केगाड र चंखेली गाउँपालिकाको सरिसल्ला तातोपानी कुण्डमा मानिसहरूको ओइरो लाग्न थालेको हो । सोरु गाउँपालिका-६ का पदम शाहीका अनुसार रुगा, थार्प, इमा, निगाले, हेन्निकाँध, श्रीनगर र भामबाडा जस्ता ठाउँबाट स्थानीय तातोपानी कुण्डमा पुगेर नुहाउने क्रम तीव्र भएको छ । तातोपानी कुण्डमा नुहाउँदा शारीरिक दुखाइ, चिलाइ, अनुहारका दाद लगायत रोग निको हुने जनविश्वासले पनि यहाँको भीड थप बढाएको छ । जमिन मुनिबाट निस्कने नुनिलो र बाफिलो तातोपानीले शरीरलाई न्यानो महसुस गराउँदै चिसोबाट राहत दिने भएकाले यो ठाउँ आकर्षणको केन्द्र बनेको छ । सोरु गाउँपालिकाका वडा अध्यक्ष सागरसम्शेर शाहीका अनुसार जिमा कुलाहा तातोपानी कुण्डमा आजभोली मानव गतिविधि निकै बढेको छ । गाउँको सुनसान ठाउँ अहिले रमाइलो चहलपहलले भरिन थालेको छ । तातोपानीमा नुहाएर देउडा खेल्दै रमाइलो गर्ने र आगो ताप्दै तेल घस्ने जस्ता दृश्यहरूले मानिसहरूको जाडोमा आनन्द लिने तरिका झल्काउँछ । छिमेकी हुम्लाको लुमछहरा तातोपानीमा पनि मुगुका फोतु, भीई, नार्थपु, र हुम्लाकै श्रीनगर, तुम्च, जैर, कल्खे गाउँका मानिसहरू दिनहुँ नुहाउन आउने गरेका छन् । गर्मीमा प्रायः सुनसान हुने तातोपानी कुण्ड जाडोमा भने स्थानीय र छिमेकी गाउँका मानिसहरूको घुइँचोले भरिएको देखिन्छ ।

# मेला हेर्न गएको पुरुष मृत फेला

नमस्ते समाचारदाता
रुकुमपश्चिम, मंसिर/ ३०



रुकुमपश्चिमको बाँफिकोट गाउँपालिका-२ कुनाखेतमा एक पुरुषको शव फेला परेको छ । रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका-५ हुकाम घरभइ हाल रुकुम पश्चिमको मुसिकोट नगरपालिका-१ पातुखोला बस्ने ४७ वर्षीय लिलाबहादुर घर्तीको शव सोमबार दिउँसो फेला परेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ । सो स्थानमा यहाँको चर्चित कुनाखेत मेला चलिरहेको छ । केही दिनअघिबाट खेलकुद लगायतका कार्यक्रम सञ्चालन भएता पनि पुस १ गते मुख्य मेला लाग्ने गर्दछ । मेला हेर्न भनेर गएका घर्तीको शव मेला लाग्ने स्थानभन्दा करिब तीनसय मिटर तल फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक नवराज पोखरेलले जानकारी दिएका छन् । पोखरेलका अनुसार सानीभेरी किनारमा उक्त शव फेला परेको हो । शव फेला परेको सूचना लगत्तै प्रहरीचौकी बाँफिकोटबाट प्रारम्भिक अनुसन्धानका लागि प्रहरी सहायक निरीक्षक बिष्णु चौधरीको कमाण्डमा एक प्रहरी टोली घटनास्थल पुगेको छ । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक ऋषि पाठकको नेतृत्वमा अर्को टोली घटनास्थल पुगेको छ । घर्तीको मृत्यु के कारणले भएको हो भन्ने बारेमा नखुलेको र अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ ।

# कमैया बस्तीमा नमुना विद्यालय



नमस्ते समाचारदाता
कैलाली, पुष/०१

बस्तीका बिचमा चिटिक्क परेको र पर्खालले घेरिएका भवन छन् । गेटभित्र लहरै अशोकका बिरुवा देखिन्छन् । हरेक बिरुवासँगै व्यक्तिको नाम लेखिएको छ । आँगनमा सफा चौर छ । खानका लागि तातो चिसो पानीको व्यवस्था छ । साना नानीका लागि खेल्ने प्रशस्तै सामग्री छन् । भवनका भित्तामा प्रेरणदायी व्यक्तिका भनाइ लेखिएका छन् । यो झलक टीकापुर नगरपालिका-१, शक्तिनगर मुक्त कमैया बस्तीस्थित शक्तिदेवी आधारभूत विद्यालयको हो । यहाँ मुक्त कमैयाका बालबालिका पढ्छन् । अधिकांश अभिभावक दैनिक ज्याला मजदुरीमा जाने भए पनि घरमा भएका अभिभावक बालबालिकालाई बिहान विद्यालय पुऱ्याउन र छुट्टी हुने बेला लैजान विद्यालयमै पुग्ने गरेका छन् । बालबालिकाले खेल्दै सिक्न ७२ थान ट्याब छन् । दुई लाख रुपियाँ बराबरका खेल्ने सामग्री छन् । शैक्षिक गुणस्तर बढाउन शिक्षकलाई जिम्मेवार बनाइएको छ । विद्यार्थीको क्षमता बढाउने साप्ताहिक रूपमा अतिरिक्त क्रियाकलाप हुने गरेका छन् । शिक्षक, व्यवस्थापन समितिका अध्यक्षले आफ्नै नाममा एउटा बिरुवा रोप्नुपर्ने र हुर्काउनुपर्ने नियम छ । विद्यालयमा पढ्ने वातावरण राम्रो भएकाले यहाँका बालबालिका पढाइमा राम्रो देखिएका छन् । टीकापुर हवाई मैदानबाट सारिएको मुक्त कमैया बस्तीसँगै विद्यालय पनि सऱ्यो तर भवन थिएन । २० प्रतिशत समुदायको लगानी रहने गरी बिल्ड अन संस्थाबाट तीनकोठे भवन पाइयो तर २० प्रतिशत लगानी जुटाउन कठिन भयो । 'आँगनमा खाल्डो थियो, न झ्याल न ढोकाको अवस्था थियो । सहयोग माग्दा सारै कठिन थियो, कसैले पत्याउँदैनथ्यो, विद्यालयका संस्थापक प्रधानाध्यापक प्रेमलाल चौधरी विगत सुनाए । नयाँ प्रधानाध्यापक आएपछि जान्नेमान्ने मानिस बोलाएर ल्याउनुभयो । झ्यालढोका लगाउन र खाल्डो पुर्न सहयोग जुट्यो । उहाँले वचन हालेपछि कसैले नाइँ नभन्ने रहेछन् ।' स्थायी शिक्षक काशीराम ढुङ्गाना प्रधानाध्यापक भएर आएपछि सुरु भएको विद्यालय व्यवस्थापनको सिलसिला एक दशकमा पुग्दा नगरपालिकै नमुना बनेको छ । विभिन्न निकायको सहयोगमा विद्यालयमा पूर्वाधार बनेका छन् भने मन्दिर, कक्षाकोठामा पङ्खा, दराज जस्ता सामान व्यक्तिगत दातासँग मागेरै जुटाइएको छ । शिक्षक कर्मचारी मिलनसार, हरेक काममा प्रधानाध्यापक अग्रसर भएको देख्दा शिक्षकले पनि फुर्तिलो भएर काम गर्नुपर्ने वातावरण रहेको यसै वर्ष सरुवा भएर आएकी शिक्षक पवित्रा भण्डारीले बताइन् । अभिभावक रामलाल डगौराले आफ्नो बस्तीको विद्यालयमा सबै व्यवस्था भएको, बालबालिकाले पढेको, खेलेको देख्दा वरपरका अरू विद्यालय त्यस्तै हुनुपर्छ भन्ने लागेको बताए । प्रधानाध्यापक ढुङ्गाना २०७१ साउनमा आउँदा सरकारी निकायको ध्यानाकर्षण गराउन, मुक्त कमैया बस्तीको विद्यालय भएकाले अभिभावकलाई विद्यालयमा जोड्न, विद्यालयमा पढ्ने वातावरण बनाउन कठिन भए पनि सबैसँग समन्वय गर्दै जाँदा सुविधासम्पन्न नमुना विद्यालय भन्नलायक भएको बताए ।

## खार्पूनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
याङ्चुबजार, हुम्ला
कर्णाली प्रदेश, नेपाल

### औषधी आपुर्ति गर्ने सम्बन्धि दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१ /०९/०१ गते

यस खार्पूनाथ गाउँपालिका कार्यालय याङ्चुबजार हुम्लाको आ.व.०८१/०८२ को लागि आवश्यक पर्ने औषधी खरिद शिलवन्दी दरभाउ माध्यमबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कार्यको लागि इजाजत प्राप्त ईच्छुक फर्म तथा कम्पनीहरुबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि शिलवन्दी दरभाउ पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. शिलवन्दी दरभाउ पत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र सम्म इच्छुक फर्म/ कम्पनीले फर्म दर्ता तथा इजाजत प्राप्त प्रमाणपत्र, VAT दर्ता प्रमाणपत्र र नियमानुसारको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि पेश गरी यस कार्यालयको प्रभु बैंक खाता नं १५७००१३६२०८४०००३२ मा नगद रु. १०००|- (फिर्ता नहुने गरी) जम्मा गरी BOQ खरिद गर्न सकिनेछ ।
२. शिलवन्दी दरभाउ पत्र पेश गर्दा तोकिए वमोजिमको रकम बराबरको कम्तीमा ९० दिन म्याद भएको दरभाउपत्र जमानत (बिडबण्ड) वा यस कार्यालयको प्रभु बैंक खार्पूनाथ शाखामा रहेको धरौटी खाता नं.१५७०१३६२०८४०००४२ मा रकम जम्मा गरेको सक्कल भौचर र फर्म दर्ता तथा इजाजत प्रमाण-पत्र, भ्याट दर्ता प्रमाण-पत्र र नियमानुसारको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत संलग्न गरी पेश गर्नुपनेछ ।
३. शिलवन्दी दरभाउ पत्र स्वीकृत भएमा नियमानुसार कबोल अंकको सार्वजनिक खरिद ऐन (संसोधन सहित) २०६३ को दफा २७ को उपदफा (४) बसोजिम हुन आउने रकमको बैंक भौचर वा परफर्मेन्सवण्ड पेश गर्नु पर्ने छ ।
४. शिलवन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता हुन आएका शिलवन्दी वोलपत्र फारामहरु सोही दिन दिनको २:०० बजे शिलवन्दी बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधि वा निजहरु उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।
५. शिलवन्दी वोलपत्र खरिद गर्ने, दर्ता गर्ने, अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।
६. शिलवन्दी दरभाउ पत्रमा उल्लेख गरेको दररेट कार्यालयमा आपुर्ति हुने सामानको ढुवानी समेत संलग्न भएको दररेट मानिने छ ।
७. शिलवन्दी दरभाउ पत्रमा हरेक सामानको दररेट अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
८. औषधि खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधि मात्र खरिद गरिने छ ।
९. औषधी दाखिला हुन आई सक्दासम्म औषधिको म्याद कम्तीमा २४ महिना बाँकी हुनु पर्नेछ ।
१०.रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको शिलवन्दी वोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११.कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा वोल पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।
१२.शिलवन्दी दरभाउ पत्र स्विकृत भई सके पछि शिलवन्दी वोल पत्रमा उल्लेख भएका सामानहरु कार्यालयले आवश्यकता अनुसार एकै पटक वा पटक पटक माग गर्न सकिनेछ । शिलवन्दि दरभाउ पत्रमा उल्लेख भएको परिमाणमा थपघट हुन सक्नेछ र परिमाण थप हुन गएमा सप्लायरले शिलवन्दी बोलपत्रमा उल्लेख गरेको दररेट र गुणस्तरमा उपलब्ध गराउनु पर्नेछ ।
१३.BOQ गाँउपालिका Website मा राखीएको छ। Website बाट डाउनलोड गरी खरिद गर्न सकिने छ ।
१४.गाउँपालिकाको E-Mail kharpunathmun@gmail.com मा पठाएको BOQ लाई पनि मान्यता दिइने छ ।
१५. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | शिलवन्दी दरभाउ फारम खरिद गर्ने अन्तिम मिति | शिलवन्दी दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खोलिने मिति र समय | दरभाउ फारम दस्तुर रु | दरभाउ जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | KRM/NCB/G/03/ 081/082 | स्वास्थ्यको औषधी खरिद | २०८१/०९/१५ | २०८१/०९/१६ १२:०० बजे | २०८१/०९/१६ २:०० बजे | १०००/- | ३५१००/- | |
| २ | KRM/NCB/G/04/ 081/082 | पशुको औषधी खरिद | २०८१/०९/१५ | २०८१/०९/१६ १२:०० बजे | २०८१/०९/१६ २:०० बजे | १०००/- | २५०००/- | |

प्रमुख प्रशासकिय अधिकृत


नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903



नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# O]hMnamastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके